बुधवार, १० मङ्सिर २०७१ (Wednesday, November 26, 2014)

# ‘दक्षिण एशियाको विकासमा सार्क विकास बैङ्क आवश्यक’

मङ्सिर ९, काठमाडौं (अस) । ठूला परियोजना सञ्चालनमा आवश्यक वित्तीय प्रबन्ध मिलाउन ‘सार्क विकास बैङ्क’ स्थापना गर्न एक अध्ययन प्रतिवेदनले सुझाव दिएको छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को १८औं शिखर सम्मेलनलाई केन्द्रित गरी यस क्षेत्रका विज्ञहरूको समूहले उक्त अध्ययन प्रतिवेदन दिएको हो ।

दक्षिण एशियाली क्षेत्रको एकीकृत विकासमा आवश्यक पूँजीको व्यवस्थापनमा पनि विकास बैङ्क आवश्यक भएको र शिखर सम्मेलनले त्यसलाई सम्बोधन गर्नुपर्नेमा प्रतिवेदनले सुझाव दिएको छ । साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती) र विकासशील देशको अनुसन्धान तथा सूचना प्रणाली (आरआईएस)ले संयुक्त रूपमा अध्ययन प्रतिवेदन तयार पारेका हुन् । प्रतिवेदन तयार पार्नुपूर्व काठमाडौंमा ‘दक्षिण एशियाको गहन आर्थिक सहकार्यमा १८औं शिखर सम्मेलनबाट गरिएका अपेक्षा’ विषयक अन्तरक्रियासमेत आयोजना गरिएको थियो ।

प्रतिवेदनले पूर्वनिर्णयहरूको प्रभावकारी कार्यान्वयन र नयाँ निर्णयमा उच्चस्तरको राजनीतिक इच्छाशक्तिलाई समेत आवश्यक ठानेको छ । क्षेत्रीय आर्थिक समृद्धिका लागि व्यापार सहजीकरण, लगानी प्रवर्द्धन र अन्तरसामिप्यलाई थप नजिक्याउन सदस्य मुलुकहरू तयार रहनुपर्नेमा समेत प्रतिवेदनको सुझाव छ । सेवा व्यापारका क्षेत्रमा भएको ‘साउथ एशिया ट्रेड इन सर्भिस-स्याटिस’ र दक्षिण एशिया स्वतन्त्र व्यापार सम्झौता (साफ्टा)को प्रभावकारी कार्यान्वयन गर्नसमेत प्रतिवेदनले सुझाएको हो ।

**प्रतिवेदनले दिएका मुख्य सुझाव**

- सार्क लगानी क्षेत्रको पहिचान
- नीतिगत व्यवस्थामा एकरूपता
- सार्कक्षेत्र अन्तरआबद्धता
- सार्क विकास मञ्च आवश्यक
- सार्क विकास बैङ्क
- स्वास्थ्य तथा विद्यार्थी भिसामा सहजता

नागरिक
Wednesday, 26 November 2014
बुधबार, १० मंसिर २०७१

# ‘सार्क विकास बैंक आवश्यक’

काठमाडौं, मंसिर ९ (नागरिक)- दक्षिण एसियाली क्षेत्रको एकीकृत विकासका लागि सार्क विकास बैंक स्थापना गर्न एक अध्ययन प्रतिवेदनले सुझाएको छ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८औं शिखर सम्मेलनको पूर्वसन्ध्यामा काठमाडौंमा सार्वजनिक प्रतिवेदनमा ठूला परियोजनालाई चाहिने वित्तीय प्रबन्ध मिलाउन यस्तो बैंक आवश्यक पर्ने उल्लेख छ। दक्षिण एसियाली क्षेत्रको एकीकृत विकासमा आवश्यक पुँजीको व्यवस्थापनमा पनि विकास बैंक आवश्यक भएको र शिखर सम्मेलनले त्यसलाई सम्बोधन गर्नुपर्नेमा प्रतिवेदनले जोड दिएको छ।

भारतको नयाँ दिल्लीस्थित रिसर्च एन्ड इन्फर्मेसन सिस्टम फर डेभलपिङ कन्ट्रिज (आरआइएस) र साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भायरोन्मेन्ट (सावती) ले संयुक्त रूपमा प्रतिवेदन तयार पारेका हुन्। प्रतिवेदन सार्वजनिक गर्नुपूर्व ‘दक्षिण एसियाको गहन आर्थिक सहकार्यमा १८औं शिखर सम्मेलनबाट गरिएका अपेक्षा’ विषयमा अन्तर्क्रियासमेत गरिएको थियो।

प्रतिवेदनले पूर्वनिर्णयको प्रभावकारी कार्यान्वयन र नयाँ निर्णयमा उच्चस्तरको राजनीतिक इच्छाशक्तिको आवश्यकता औंल्याएको छ। क्षेत्रीय आर्थिक समृद्धिका लागि व्यापार सहजीकरण, लगानी प्रवर्द्धन र अन्तरसामिप्यतालाई थप नजिक्याउन सदस्य मुलुक तयार रहनुपर्नेमा प्रतिवेदनले जोड दिएको छ। सेवा व्यापारका क्षेत्रमा भएको ‘साउथ एसिया ट्रेड इन सर्भिस-स्याटिस’ र दक्षिण एसिया स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) को प्रभावकारी कार्यान्वयन गर्नसमेत प्रतिवेदनले सुझाएको छ।

व्यापार र यातायात सहजीकरण क्षेत्रका पूर्वसम्झौताको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने प्रतिवेदनमा उल्लेख छ। आगामी शिखर सम्मेलनले अन्तरक्षेत्रीय लगानी प्रवर्द्धन र प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने खालका निर्णय लिन सक्ने विश्वास प्रतिवेदनमा छ। त्यसैगरी, सेवा व्यापारका क्षेत्रमा भएको ‘साउथ एसिया ट्रेड इन सर्भिस-स्याटिस’को प्रभावकारी कार्यान्वयनमा समेत शिखर सम्मेलनले गति दिने प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनले सार्क लगानी क्षेत्रको पहिचान, नीतिगत व्यवस्थामा एकरूपता, सार्क क्षेत्र अन्तरआबद्धता, सार्क विकास मञ्च स्थापना, सार्क विकास बैंक र स्वास्थ्य तथा विद्यार्थी भिसा सहज गर्न सुझाएको छ।